# करैयामाई गाउँपालिका
Karaiyamai Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
Office of Rural Municipal Executive
करैया, बारा (Karaiya, Bara)
मधेश प्रदेश, नेपाल (Madesh Province, Nepal)
स्था.:२०७३ (Estd. 2073)


पत्र संख्या/Letter No: ०८१/०८२
चलानी नं./Ref. No.:: २६३८

मिति/Date: २०८२/०२/२७

विषयः आ.व. २०८१/०८२ को भुक्तानी तथा खाता बन्द सम्बन्धमा।

श्री वडा कार्यालयहरु(१-८)सबै,
श्री विषयगत शाखाहरु सबै,
श्री उपभोक्ता समितीहरु तथा निर्माण व्यवसायीहरु सबै,
श्री सम्पूर्ण संघसंस्था तथा सरोकारवालाहरु,
करैयामाई गाउँपालिका, बारा।

प्रस्तुत विषयमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३०(१) अनुसार भुक्तानी दिनुपर्ने रकम आर्थिक वर्ष समाप्त हुनुभन्दा सात दिन अगावै भुक्तानी दिई लेखा अध्यावधिक गरी भुक्तानी निकासा बन्द गर्नुपर्ने व्यवस्थाको र आर्थिक वर्षको अन्त्यमा भुक्तानी चाप अत्याधिक हुने भएकोले यस पालिकाबाट संचालित आ.व. २०८१/०८२ को सम्पूर्ण कार्यक्रमहरुमध्ये चालु तर्फका कार्यक्रमहरु मिति २०८२/०३/१० गते भित्र र पूँजिगत तर्फका कार्यक्रमहरु मिति २०८२/०३/१५ गते भित्र कार्य सम्पन्न गरी रकम भुक्तानीको लागि माग गर्नुहुन अनुरोध गरिन्छ। **तोकिएको मिति पछि पेश भएका कागजातको हकमा रकम भुक्तानी गर्न पालिका जिम्मेवार नहुने र सो रकम फ्रिज हुने व्यहोरा जानकारी गराइन्छ ।**

| | |
|---|---|
| गजेन्द्र कुमार यादव | वीरेन्द्र महतो |
| लेखा प्रमुख | प्रमुख प्रशासकीय अधिकृत |

वीरेन्द्र महतो
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः

**योजना शाखाः** सम्पूर्ण उपभोक्ता समितिहरु तथा निर्माण व्यवसायीको तोकिएको समयभित्र भुक्तानी प्रक्रिया अगाडी बढाउनुहुन।
**पूर्वाधार विकास शाखाः** सम्पूर्ण सम्पन्न भएको कामको तोकिएको समयभित्र मुल्याङ्कन गरी पेश गर्नु हुन।
**शिक्षा शाखाः** सम्पूर्ण विध्यालयहरुलाई तोकिएको समयभित्र भुक्तानी माग गर्न ताकेता गर्नुहुन।
**वडा कार्यालयहरुः** वडा भित्र सम्पन्न भएको सम्पूर्ण कार्यहरुको फरफारक तोकिएको समयभित्र सक्नु हुन।
**सम्पूर्ण विद्यालयहरुः** तोकिएको समयभित्र सम्पूर्ण योजनाहरुको फरफारक गर्नु हुन।
**सम्पूर्ण उपभोक्ता समितिहरु तथा निर्माण व्यवसायीहरुः** तोकिएको समयभित्र योजनाको फरफारक गर्नु हुन।
**सूचना प्रविधि शाखाः** सम्पूर्ण सरोकारवालाहरुलाई जानकारीको लागि वेबसाईट तथा फेसबुक पेजमा अपलोड गर्नु हुन।